# झिमरुक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### मच्छी, प्यूठान
५ नं.प्रदेश, नेपाल

पत्र संख्या :- २०७५/०७६
चलानी नं. :- 609

मिति :- २०७५/१२/२९

**बिषय : माग संकलन गरि पठाइदिने सम्वन्धमा ।**

श्री सवै वडा कार्यालय
झिमरुक गाउँपालिका ।

प्रस्तुत विषयमा प्रदेश सरकार प्रदेश नं. ५ भौतिक पूर्वाधार विकास मन्त्रालय वुटवल को च.नं. १७२८ मिति २०७५/१२/२७ को पत्र यसै साथ संलग्न राखि पठाइएको छ । सोहि वमोजिम माग गरिएको विवरण ७ दिन भित्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

हरि प्रसाद पोखेल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
प्रदेश नं. ५

# भौतिक पूर्वाधार विकास मन्त्रालय

बुटवल, नेपाल

पत्र सख्या :०७५/७६
चलानी नं १६२८

प्रदेश सरकार
प्रदेश नं. ५
भौतिक पूर्वाधार विकास मन्त्रालय
बुटवल, नेपाल

मिति: २०७५/१२/२७

श्री स्थानीय तह
(कपिलवस्तु, रुपन्देही , नवलपरासी पश्चिम,दांग,गुल्मी, पाल्पा,अर्घाखाँची,प्युठान,रोल्पा, रुकुम पूर्व, बाँके, बर्दिया जिल्लाका सबै)

**बिषय : माग संकलन गरि पठाइदिने सम्बन्धमा ।**

विद्युत सेवामा कुनै पनि माध्यमले पहुच नपुगेको प्रदेशको जनतालाइ घरेलु सौर्य ऊर्जा प्रणाली मार्फत विद्युत सेवामा पहुच पुर्याउने उद्देश्यले "प्रदेश नं. ५ घरेलु सौर्य ऊर्जा प्रणाली अनुदान कार्यविधि, २०७५" प्रदेश सरकार, प्रदेश नं. ५,मन्त्रिपरिषदको मिति २०७४/१२/२२ मा स्वीकृत भई जारी भएको व्यहोरा सहर्ष जानकारी गराउदै उक्त अनुदान कार्यविधि बमोजिमको अनुदानको लागि देहायका मापदण्ड अनुसार हुने गरी मागहरु तपशीलमा दिएको ढांचामा त्यस कार्यालयबाट प्रमाणित गरी १५ दिन भित्र यस मन्त्रालयमा आइपुग्ने गरी पठाईदिनुहुन अनुरोध छ।

<u>माग पठाउने आवश्यक मापदण्ड:</u>

१. माग पठाइने घरधुरीमा राष्ट्रिय प्रशारण लाइन, लघु जलविद्युत वा सामुदायिक विद्युतीकरण मार्फत विद्युत सेवामा पहुच नपुगेको हुनु पर्नेछ ।
२. माग पठाइने घरधुरीमा अन्य कुनै माध्यमबाट विद्युत सेवामा पहुँचको लागि स्थानीय तह वा अन्य कुनै संघ, संस्थाबाट अनुदान नलिएको हुनु पर्नेछ ।
३. दुर्गम क्षेत्र, पिछडिएका क्षेत्र, विपन्न वर्ग, एकल महिला जस्ताको मागलाइ लाइ कैफियत खुलाई पठाउनु पर्नेछ।

माग पठाउने आवश्यक ढांचा:

| क्र.सं. | लाभग्राहीको नाम थर (घरमुलीको नाम) | ठेगाना | परिवार संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |

पुनश्चः "प्रदेश नं. ५ घरेलु सौर्य ऊर्जा प्रणाली अनुदान कार्यविधि, २०७५" यस मन्त्रालयको वेबसाइट www.mopid.p5.gov.np मा हेर्न वा डाउनलोड गर्न सकिनेछ ।

रामचन्द्र दंगाल
सचिव सचिव